प्रदेश सरकार, प्रदेश नं. ३
# आर्थिक मामिला तथा योजना मन्त्रालय
(प्रशासन, आर्थिक नीति तथा राजश्व महाशाखा)

प.सं. २०७५/७६, च.नं. २३६ मिति :- २०७५/०६/११

बिषयः राजश्व संकलन सम्बन्धमा ।

स्थानीय तह,
प्रदेश नं ३ का सबै ।

मनोरञ्जन कर, बिज्ञापन कर र ढुङ्गा, गिटीको बिक्री बापत प्राप्त हुने राजश्व सम्बन्धित स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबिच बाँडफाँट हुने व्यवस्था उल्लेख गरिएको छ । प्रदेश नं. ३ को मनोरञ्जन कर, बिज्ञापन कर र ढुङ्गा, गिटीको बिक्री बापत प्राप्त हुने राजश्व सम्बन्धी ब्यवस्था प्रदेश आर्थिक विधेयक, २०७५ अनुसार हुने व्यहोरा अवगत नै छ ।

"प्रदेश तथा स्थानीय तहको बिभाज्य कोषका सम्बन्धमा तयार गरिएको कार्यविधि" अनुसार स्थानीय तह आफैंले संङ्कलन गरी बाँडफाँट गर्नुपर्ने राजस्वको हकमा निम्न बमोजिमको व्यवस्था हुनुपर्ने भनी उल्लेख भएको छ ।

- मनोरञ्जन कर, बिज्ञापन कर र ढुङ्गा, गिटीको बिक्री बापत प्राप्त हुने राजश्व सम्बन्धित स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबिच बाँडफाँट हुने ।
- स्थानीय तहले संङ्कलन गरी बाँडफाँट गर्नापर्ने राजस्व सङ्कलन गर्ने प्रयोजनको लागि स्थानीय तहको कारोबार गर्ने बैंकमा ग-४ समूहको बाँडफाँट हुने राजस्व सङ्कलन गर्ने खाता खोल्ने ।
- बाँडफाँट हुने राजस्व सङ्कलन गर्ने खातामा जम्मा भएको रकम मासिक रुपमा ६० प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र बाँकी ४० प्रतित प्रदेशको सञ्चित कोषमा ट्रान्सफर गरिदिने ।
- स्थानीय तहाले सङ्कलन गरेको यस्तो राजस्वको विवरण प्राप्त गरी प्रदेश तहले ट्रान्सफर गर्नुपर्ने रकममा हिसाब मिलान गर्न समेत सकिने ।
- सङ्कलन भएको तथा बाँडफाँट गरिएको राजस्वको विवरण स्थानीय तहले मासिक रुपमा सम्बन्धित प्रदेशलाई दिनुपर्ने ।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: moeap3@gmail.com, URL: moeap.p3.gov.np
हरिकुञ्ज रोड, हेटौंडा उ.म.न.पा.-२, मकवानपुर

प्रदेश सरकार, प्रदेश नं. ३

# आर्थिक मामिला तथा योजना मन्त्रालय

(प्रशासन, आर्थिक नीति तथा राजश्व महाशाखा)

प.सं. २०७५/७६, च.नं. 236 मिति :- २०७५/०६/११

माथि उल्लेख भएअनुसारको हालसम्मको राजश्व रकम बाँडफाँट भइ प्रदेश सरकारको संचित कोष खातामा बिभाजन भई प्राप्त हुन नआएकोले तोकएबमोजिम संकलन भएको राजश्व महिना समाप्त भएको तिन दिनभित्र ४० प्रतिशत राजश्व प्रदेश सरकारको संचित कोष खातामा जम्मा गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाइदिने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

.......................

उपसचिव

(किशोर बतौंला)

**बोधार्थः**

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. ३, हेटौडा, मकवानपुर ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश नं ३ सबै ।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: moeap3@gmail.com, URL: moeap.p3.gov.np

हरिकुञ्ज रोड, हेटौंडा उ.म.न.पा.-२, मकवानपुर